大学尼泊尔语专业教材

# 综合尼泊尔语

第六册（下）

编者：鞠志松
何朝荣
校对：鞠志松

中国人民解放军外国语学院
一九九四·九

## विषय सूची


| पाठ | पृष्ठ | पृष्ठ संख्या |
|---|---|---|
| १. शिक्षा | १ | १८ |
| २. हिम-प्रपात | १९ | २१ |
| ३. प्रेम | ४० | १९ |
| ४. परालको आगो | ६० | २८ |
| ५. बिचरी उ | ८९ | ३७ |

# पाठ १

## शिक्षा

# शिक्षा

शिक्षा मस्तिष्क उन्नत, हृदय विकसित र चेतना जागरित गराउने एउटा साधनविशेष हो । अतः यो प्रत्येक व्यक्ति धनीभन्दा धनी, गरीबभन्दा गरीबको निमित्त पनि अनिवार्य छ । बालक जन्मनासाथ जब च्यां च्यां गरेर रुन्छ त्यसै वेलादेखि उसको शिक्षाको प्रारम्भ हुन्छ । अक्षरारम्भदेखिन् शिक्षाको शुरू हुन्छ भन्ने धारणा गलत हो । अक्षरारम्भसम्ममा त बालकले हजारौं कुराको शिक्षा पाइसकेको हुन्छ । उ आकाशका सूर्य, चन्द्र, ताराहरु चिन्दछ, पृथ्वीको मानिस, गाई, घोडा, कुकुर, बिरालो, रुख, बिरुवा, फलफूल आदि चिन्दछ । पाठशालामा यस्तो काम हुन्छ, अस्पतालमा यस्तो, मन्दिर भनेको यस्तो ठाउं हो इत्यादि पनि । बालकको पहिलो पाठशाला प्रसूतिका गृह ( सुत्केरी कोठा ) नै हो । उ जन्मनसाथ उसलाई धाईले तातो पानीले स्नान गराइदिन्छ-पहिले शिर, मुख, अनि आङ, हात, गोडा । यही शिक्षा, स्नानको क्रम, उ बांचुञ्ज्यालसम गरिरहन्छ । प्रत्येक बालकले पाउने यो प्रथम शिक्षा हो । अनि उसले यस्तो प्रकारले अरु कुराहरुको पनि शिक्षा पाउंदै पाउंदै जान्छ र उसको शिक्षाको क्षेत्र

क्रमश: विस्तीर्ण र विशाल हुँदै आउँछ ।

अधिकांश मनुष्यहरूले शिक्षाको उद्देश्य उपाधि प्राप्ति गर्नु अर्थात् पेटपूर्ति गर्ने साधन प्राप्ति गर्नु भन्ने सम्झेका छन् । यदि पेट पाल्नाकै निमित्त शिक्षा प्राप्त गरिने होभने करौडौंपति, अरबौंपतिका छोरा छोरीहरू किन रातदिन शिक्षकको अदबमा बसेर, कष्ट भोगेर शिक्षा प्राप्त गर्छन् ? शिक्षाले पेटभरी दालभात खान दिने होइन । यसले विनय दिन्छ, सहानुभूति दिन्छ, सहनशीलता दिन्छ, आत्मामा दिव्य प्रकाश दिन्छ । अतएव शिक्षित मनुष्य अति नम्र मिलनशील हुन्छ । अर्काको दु:खमा आफू पनि दु:खित र सुखमा सुखी हुन्छ । उ आफ्नो स्वार्थको मात्र विचार गर्दैन, परार्थको निमित्त पनि प्रत्येक प्रयत्न गर्छ । उ दु:खमा विचलित, विकलित र सुखमा मदान्ध हुँदैन । हरेक परिस्थितिमा उ शरद्को झील जस्तो गम्भीर हुन्छ । उसको हृदयमा हमेशा शान्ति हुन्छ, संतोष हुन्छ । यी उपर्युक्त भावहरू धनले पाइँदैनन्, उच्च कुलको जन्मले पाइँदैनन्, अविरल परिश्रमले, संलग्नताले, रातदिनको तपस्या शिक्षाले मात्र पाइन्छन् ।

हाम्रो शिक्षाको प्रणाली कस्तो हुनुपर्छ, स्त्री जातिलाई



此为试读,需要完整PDF请访问: www.ertongbook.com

शिक्षा दिनाले कति लाभ हुन्छ, स्त्री र पुरुषको शिक्षामा कति समानता हुनुपर्छ , सह-शिक्षाको विषयमा अब म बिस्तार बिस्तार विवेचना गर्दै जान्छु ।

अंग्रेजहरुले भारतीयहरुको निंति शिक्षाको जो व्यवस्था गरे त्यो दूषित थियो । सोह्र वर्षको परिश्रमले एम्० ए० । दश वर्ष ता भाषाको जानिफकारी मै बित्दछ । तैपनि भाषा जानिसकेको हुँदैन । शिक्षाको माध्यम नेपाली भाषा नै हुनुपर्छ । नेपाली भाषाद्वारा नै संपूर्ण विषयको शिक्षा दिनुपर्छ ।

भिन्न भिन्न बालकको रुचि, सोक्ष मस्तिष्क भिन्न भिन्न हुन्छ । अतः उ जे पढ्न, सिक्न, जान्न चाहन्छ त्यही पढोस, सिकोस्, जानोस् । यस विषयमा आमा बाबुहरुले कुनै प्रकारको नियन्त्रण नगरून् । विद्याको विषयमा उ स्वतन्त्र छ । वर्तमान शिक्षा-प्रणालीको वृहत् दोष यही हो--विश्वविद्यालय यो यो विषय अनिवार्य छ भनेर तोकिदिन्छ, चाहे त्यो विषय बालकहरुको रुचिको अनुकूल होस् या प्रतिकूल । विद्यार्थीले, विवश, त्यो विषय पढ्नैपर्छ । लाखौं बालकहरू, अनिच्छाको विषय पढ्न नसकेर, स्कूलबाट भागेका छन्, आफ्नो जीवन नै नष्ट

गरेका छन् । एकातिर विश्वविद्यालयको यस्तो निर्दय दबाव छ, अर्कोतिर संरक्षकहरुको प्रभाव छ । बालक मास्टर हुन खोज्छ, संरक्षक पण्डित गराउन खोज्छन् । बालक संगीतज्ञ हुन चाहन्छ, संरक्षक सुब्बा गराउन चाहन्छन् । बालक कवि हुन इच्छा गर्छ, संरक्षक कप्तान गराउन इच्छा गर्छन् । यो संघर्षमा कथंकदाचित् बालकले जित्योभने ता सफल भएर निस्कन्छ, हार्योभने उभन्दा असफल व्यक्ति फेरि आर्को कुनै हुँदैन । उसको मन मर्छ, भावहरु मूर्च्छित हुन्छन्, अन्त्यमा जीवन नै बरबाद हुन्छ । बालकको इच्छाको विरुद्ध शिक्षा दिने संरक्षकहरु आत्मीय होइनन्, घातक हुन् ।

पुराना विचारका मानिसहरु अझ पनि भन्दैछन् स्वास्नी-मानिसहरुलाई शिक्षा दिनुहुँदैन । यिनीहरुले लेख्न पढ्न जाने भने चिठीपत्र ओहोरदोहोर गर्छन् । र बिग्रन्छन् । यो क्या हो ।।। शिक्षित पुरुषहरु भने नबिग्रने स्त्रीहरु मात्र बिग्रने ? यो त असंगत कुरा भयो । वस्तुतः शिक्षाले चाहे पुरुष चाहे स्त्री सबैलाई व्यभिचारबाट बचाउंछ, चरित्रनिर्माण गर्छ । वर्तमान समयमा जति बिग्रेका आइमाईहरु छन् ती सब अशिक्षाकै

कलुषित फल हुन् । शिक्षा पाएका स्त्रीहरुमा आफ्नो घर-व्यवहार सुचारु रूपले चलाउन सक्ने क्षमता हुन्छ ।

हरेक बालकको निंति बाबु त एउटा परचकी पाहुनातुल्य हो । उ दिनभरि खेती, व्यापार, नौकरीमा जान्छ, बेलुका आउंछ, खान्छ, सुत्छ, फेरि विहान उठ्छ, खान्छ, हिंडिहाल्छ । बालकले सारा समय व्यतीत गर्नुपर्छ आफ्नी आमाको साथ । यदि उसकी आमा भूत, प्रेत, बोक्सीमा विश्वास गर्ने प्रकृतिकी छन्भने बालक-लाई त्यही कुराको असर पर्छ र ऊ साँझ परेपछि झ्यालबाट हेर्न पनि डराउंछ । यदि उनी कथा पुराणको जानिफकार छन्भने बालक पनि त्यही कुरा जान्दै आउंछ । यदि उनी अझ उच्च शिक्षा पाएकी छन्भने बालक शैशवावस्था देखि नै विभिन्न विषयको ज्ञान प्राप्ति गर्दै गर्दै आउंछ । शिक्षित भनेको मानिस कुनै विश्वविद्यालयबाट उपाधि प्राप्त गरेर निस्केको व्यक्ति होइन । शिक्षित त्यो हो जसलाई हरेक विद्या, कलाको सम्यक् ज्ञान छ । पुरुषहरुको शिक्षाको आधार नै स्त्रीहरु हुन् । अतः पुरुषहरुले आफ्नै शिक्षाको निमित्त पनि स्त्रीहरुलाई शिक्षा दिनुपर्छ । आजकी बालिका, भोलि वधू,

पर्सि माता, निपर्सि पितामही हुन्छिन् । उनैको शिक्षा, उपदेशमा घरव्यवहार चल्न थाल्छ । हरेक बालकबालिकाको हृदयमा उनको प्रभाव गहिरोसित परेको हुन्छ--उनी शिक्षित भए शिक्षाको, अशिक्षित भए अशिक्षाको ।

अध्ययनको निमित्त वैकल्पिक विषयको संख्या जहांसम्म हुन सक्छ बढी हुनुपर्छ । जस्तै--साहित्य, इतिहास, गणित, भूगोल नागरिकशास्त्र, राजनीतिशास्त्र, भारतीय भाषाहरु, प्राचीन भाषाहरु, पाश्चात्य भाषाहरु, व्यापार वाणिज्य, भौतिक विज्ञान, रसायनशास्त्र, भू-गर्भविज्ञान, अंतरिक्ष विज्ञान, ज्योतिष-शास्त्र, खगोलशास्त्र, कृषिशास्त्र, वनस्पतिशास्त्र, उद्यानशास्त्र, संगीत, चित्रकला, सिकर्मी काम, धातुको काम, कताइ बुनाइ रंगाइको काम, सूजीकारी र बुट्टा रफू भर्ने काम, प्राणीशास्त्र, अर्थशास्त्र, तर्कशास्त्र, मनोविज्ञान, अध्यात्म विज्ञान, स्वास्थ्य विज्ञान, शरीरशास्त्र, शिक्षणकला, पकाउनाकला, कवायद शिक्षा, धर्मशास्त्र, आचारशास्त्र , जिल्दबन्दी, घरेलु उद्योग, ऐन(प्रेस्ता, ) वैद्यशास्त्र, पाकशास्त्र, संततिपालन इत्यादि । पुरुष र स्त्रीमा प्रकृतिले सब कुराको समानता गरिदिएकी छन् तापनि

केही कुराको त असमानता पनि छ । जस्तै नाक, मुख, आंखा, कान, हात, गोडा, मुटु, कलेजो, फोक्सो दुवैका एकैनास छन् तर पुरुषमा जुंगा दाह्री, स्त्रीमा अभाव, इन्द्रियको भिन्नता, गर्भाशय कुनै कुराको असमानता पनि देखिन्छ । त्यस्तै प्रकार यी उपर्युक्त विषयहरु दुवै थरीले समान भावले पढ्न पाउछन् तर कवायद शिक्षा भन्ने स्त्रीलाई दिन हुँदैन, उनीहरु खेलकुद, हलुका कसरत गर्छन् । सबै जातिमा पुरुषको भन्दा स्त्रीको शरीर सुन्दर र सुकोमल हुन्छ । उनीहरुको हृदय पनि पुरुषको भन्दा नरम र भावुक हुन्छ । अतः उनीहरुलाई, कवायद शिक्षा, बन्दूक तोपको कडा काम हामीले दिनुहुँदैन, गुलाफको फूललाई बलेको आगोमा होमिदिन हुँदैन । नौनीले पत्थरको काम गर्न पनि सक्दैन । घाम-पानी सहेर कवायद, रात-दिनको जत्रतत्र पालो पहरा, यो काम उनीहरुबाट हुँदैन । हुनत भगवती आदि शक्तिले संग्राममा स्वयं सारा दैत्यहरुलाई मारेकी थिइन्, विजय प्राप्त गरेकी थिइन् । पुराण, इतिहासमा पनि स्त्रीहरुको वीरत्व देखिन्छ तथापि उनीहरुलाई यो कठोर कार्यबाट वंचित गराउनु नै उचित । युद्धकालमा पुरुषहरु मैदानमा लड्न

जान्छन् । त्यस बेला स्त्रीहरूले आफ्नो देशभित्रको समुचित व्यवस्था गरून् । उनीहरूको निमित्त कवायद शिक्षाभन्दा आवश्यक विषय संतति-पालनको छ ।

संसारका सबै कुरामा गुण पनि छ दोष पनि । नजाने अमृतमा विष छ, जाने विषमा अमृत छ । सहशिक्षाको विषय पनि ठीक यस्तै हो । सहशिक्षाबाट बालक, बालिकालाई पढ्न सुगमता हुन्छ । एउटै घरका दिदीभाइ या दाजुबहिनी संगसंगै जान्छन्, एउटै स्कूलमा या क्लासमा बस्छन्, पढ्छन्, आउंछन् । पारस्परिक सहायता, प्रतिद्वन्द्विताबाट पनि ज्ञानको वृद्धि हुन्छ । फेरि सहशिक्षाको मूल दोष यो छ यसबाट व्यभिचार बढ्न थाल्छ, अध्ययनको सट्टा गुप्तमिलन, गुप्तभोजन चल्न थाल्छ । त्यसकारण निम्न कक्षाका छात्र छात्राहरू जो करीब बाह्र वर्षभित्रका छन् सहशिक्षा पाउन सक्छन् । त्यसपछि उनीहरूमा अध्ययनको साथ-साथ उच्छृंखलता पनि बढ्न थाल्छ । अनि सहशिक्षाबाट हानिसिवाय लाभ केही हुंदैन । फेरि, त्यसपछि गएर जब उनीहरू उच्चतम कक्षामा पुग्छन्, पूर्ण शिक्षित र वय परिपक्व हुन्छन्, पुनः सहशिक्षाको आवश्यकता हुन्छ । त्यस बखत उनीहरूमा



此为试读，需要完整PDF请访问: www.ertongbook.com

उच्छृंखलता हुँदैन, बरु गंभीर प्रेम हुन सक्छ । उनीहरु तब त्यहां आफ्नो जीवनभरको निमित्त संगी या संगिनी छान्ने मौका पनि पाउंछन् । त्यो त राम्रो कुरा हो ।

कति मानिसहरु उच्च शिक्षा प्राप्त गर्न चाहन्छन् । तर दिनभरी नोकरीले बद्ध छन् । तिनीहरुको निमित्त " प्रभात पाठ-शाला" हुनुपर्छ । " रात्री पाठशाला" भन्दा--" प्रभात पाठशाला" नै उत्तम । उसमा दिनभरी थाकेको मस्तिष्क, अन्धकार मार्ग, बत्तीको खर्च, राती घरमा जहान बच्चालाई एक्लै छोड्नुपर्ने हुन्छ । यसमा सबलाई सब कुराको अनुकूल पर्छ ।

देशभरका पढ्न चाहना गर्ने अन्धाहरुलाई पनि, एकै ठाउंमा एकत्रित गरेर, एउटा " अन्धाश्रम" खोलिदिनुपर्छ । त्यहां उनीहरु-लाई भोजन र वस्त्र पनि मिलोस् तथा शिक्षा पनि--विशेषत: धार्मिक । बाह्य चक्षु बन्द भएका उनीहरुको, शिक्षाले, आन्तरिक चक्षु खोलिदिन्छ ! त्यसैबाट उनीहरु इहलोक र परलोक-को झलक पाउंछन् ।

निदान, शिक्षासम्बन्धी विषयमा हाम्रो नेपालको लागि सबभन्दा जरूरी कुरा यो छ--तराईका बासिन्दाहरुको निंति

गाउंगाउंमा, नेपाली भाषा पढाउने पाठशाला खोल्नु । जहांसम्म हामी यसको सुप्रबन्ध गर्दैनौं हाम्रो शिक्षाविषयक सम्पूर्ण कार्य अपूरो नै हुन्छ । यो काम, आकाशमा मेघ उडेको जस्तो, मन्द मन्द गतिले गर्ने होइन, बिजुली चम्केको जस्तो द्रुत गतिले गर्नु पर्छ । यसको निमित्त चाहे जतिसुकै धेरै धन खर्च होस्, त्यसमा हामीले तिलभर चित्त दुखाउनु हुंदैन । ढीलो भइसक्यो, सूर्य डुबिसके । अझ पनि केही आलोक बांकी नै छ, अन्धकारले छोपिसकेको छैन । गरौं । गर्न सकिन्छ ।

## नयां शव्दहरु

| | | |
|---|---|---|
| उन्नत | ( वि० ) | 提高的，进步的，发达的 |
| प्रसूति गृह सुत्केरी कोठा) | ( ना० ) | 产房 |
| विस्तीर्ण | ( वि० ) | 广阔的，巨大的 |
| अदब | ( ना० ) | 礼貌，尊敬，拘束，约束 |
| विनय | ( ना० ) | 驯服，顺从，谦恭 |
| सहनशीलता | ( ना० ) | 宽容，忍耐，刚毅 |

| | | |
|---|---|---|
| दिव्य | (वि०) | 奇异的，美好的，超人的，神的 |
| अतएव ( अत: ) | ( क्रि० वि० ) | 因此，也就是 |
| परार्थ | ( वि० ) | 仁慈的，博爱的，利人的 |
| विकलित | ( वि० ) | 不安的，焦急的 |
| मदान्ध | ( वि० ) | 骄傲的，目空一切 |
| जानिफकारी | ( ना० ) | 理解，明白 |
| बिल्दनु | ( अक्रि० ) | 耗费，花费 |
| अनिच्छा | ( ना० ) | 不情愿，被迫 |
| कथंकदाचित् | ( क्रि० वि० ) | 如果，大概，也许，可能 |
| मूर्च्छित | ( वि० ) | 昏迷的，痴呆的 |
| असंगत | ( वि० ) | 荒唐的，不适当的 |
| कलुषित | ( वि० ) | 污染的，被玷污的 |
| लुभारू | ( वि० ) | 嗜好的 |
| परचक्री | ( वि० ) | 外人的，无血缘关系的 |
| व्यतीत | ( वि० ) | 过去的，逝去的 |
| वोक्सी | ( ना० ) | 女巫 |
| प्रकृति | ( ना० ) | 本性，性情 |

| | | |
|---|---|---|
| पुराण | (ना०) | 往事书，古代的 |
| शैशव | (वि०) | 童年的，儿童的 |
| निपर्रि | (क्रि० वि०) | 以后，将来 |
| पितामही | (ना०) | 祖母 |
| उपदेश | (ना०) | 劝告，知识，教育 |
| पाश्चात्य | (वि०) | 西方的，西欧的 |
| खगोलशास्त्र | (ना०) | 天文学 |
| उद्यानशास्त्र | (ना०) | 园艺学 |
| कताइ बुनाइ रंगाइ | (ना०) | 纺织，染色 |
| बुट्टा रफ्फू | (ना०) | 图案，设计 |
| प्राणीशास्त्र | (ना०) | 生物学 |
| अध्यात्म | (ना०) | 心理学，形而上学 |
| मुद्रणकला | (ना०) | 印刷术 |
| आचारशास्त्र | (ना०) | 民俗学 |
| जिल्दबन्दी | (ना०) | 包装，装璜 |
| श्रेस्ता | (ना०) | 统计，条款 |
| संतति | (ना०) | 后代 |

| | | |
|---|---|---|
| गर्भाशय | (ना०) | 子宫 |
| सुकोमल | (वि०) | 美丽的，温柔的，迷人的 |
| भगवती | (ना०) | 文艺女神（印） |
| दैत्य | (ना०) | 魔鬼，巨人 |
| वीरत्व | (ना०) | 英勇，刚毅，大丈夫气概 |
| तथापि | (संयो०) | 但是，仍然 |
| वंचित | (वि०) | 被分开的，被剥夺的 |
| सुगमता | (ना०) | 可以通过，能实现 |
| व्यभिचार | (ना०) | 淫乱，放荡，腐化 |
| उच्छृंखलता | (ना०) | 任性，放荡，放肆，盲动 |
| वय | (ना०) | 年纪，年龄 |
| परिपक्व | (वि०) | 成熟的，现成的，能干的 |
| संगी संगिनी | (ना०) | 夫妻 |
| बद्ध | (वि०) | 被捆绑的，被束缚的 |
| प्रभात | (ना०) | 早晨，黎明 |
| एकत्रित | (वि०) | 集中的，会集的 |
| इहलोक | (ना०) | 今生，今世 |

परलोक (ना०) 来世，天堂，天国

निदान (क्रि० वि०) 最后，终于，归结

आलोक (ना०) 光亮，光线，照明

टिप्पणी

१. शिक्षित भनेको मानिस कुनै विश्वविद्यालयबाट उपाधि प्राप्त गरेर निस्केको व्यक्ति होइन ।

这里所指的受过教育的人，并不是指那些毕业于学校的人（接受学校教育的人）。

२. अध्ययनको निमित्त वैकल्पिक विषयको संख्या जहाँ सम्म हुन सक्छ बढी हुनु पर्छ ।

为了学习的提高，选修课程应尽可能多开设一些。



此为试读，需要完整PDF请访问：www.ertongbook.com